चुलाचुली गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

चुलाचुली, इलाम

१ नं. प्रदेश, नेपाल

पत्र संख्या (क.प्र. शाखा)- ०७८।०७९

च.नं.

फोन नं. : ०२७-६११४१४

## बोलपत्र आह्वानको सूचना।

प्रथम पटक प्रकाशित मिति २०७८।०७।१५

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था भए बमोजिम नुनसरी खोलाको हकमा मिक्लाजुङ गाउँपालिका, मोरङ सँग बसेको पालिका स्तरिय संयुक्त बैठकबाट भएको निर्णयानुसार र अन्य खोलाहरुको हकमा यस गाउँपालिकाको निर्णय अनुसार आ.व. २०७८।०७९ का लागि स्वीकृत IEE प्रतिवेदनमा निर्धारण भए बमोजिम तपशिलमा उल्लिखित नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी चुलाचुली गाउँपालिकाले तोकेको दरमा बिक्रि गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुले आवश्यक कागजात सहित तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही E-BID मार्फत बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

| क्र.सं. | बोलपत्र नं. | बोलपत्रको नाम | उत्खनन् परिमाण(घन.मि.) | न्यूनतम बोलपत्र रकम (मु.अ.कर बाहेक) | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|
| १ | 9/Chulachuli 078/79 | Mining of Riverbed Material of Nunsari River | 68,244 | 1,40,10,247 | 3,000 |
| २ | 10/Chulachuli 078/79 | Mining of Riverbed Material of Ratuwa and Mawa River | 41,624 | 75,86,921 | 3,000 |
| ३ | 11/Chulachuli 078/79 | Mining of Riverbed Material of Kamal River | 12000 | 1589392.67 | 1,000 |
| ४ | 12/Chulachuli 078/79 | Mining of Riverbed Material of Chanju River | 12000 | 1589392.67 | 1000 |
| ५ | 13/Chulachuli 078/79 | Mining of Riverbed Material of Bidhuwa River | 12000 | 1589392.67 | 1000 |

शर्तहरुः

१. बोलपत्र खरिद गर्न इच्छुक बोलपत्र दाताले माथि उल्लेखित भए अनुसारको बोलपत्र दस्तुर NMB Bank शाखा कार्यालय चुलाचुलीमा यस कार्यालयको आन्तरिक राजस्व खाता नं. 1030060744200030 मा जम्मा गर्नुपर्नेछ।

२. विद्युतीय बोलपत्र (E-BID) सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाइट http://www.bolpatra.gov.np मा भएको प्रावधान बमोजिम बोलपत्र खरिद गर्ने अन्तिम मितिको भोलिपल्ट अपराह्न १२:०० बजे सम्ममा बोलपत्र फाराम दर्ता गर्न सकिनेछ।

३. प्रि बिड बैठक यो सूचना प्रकाशन भएको मितिले १५औ दिन दिनको १.०० बजे यस कार्यालयमा हुनेछ। इच्छुक बोलपत्रदाताले उक्त बैठकमा भाग लिइ यस सम्बन्धी विस्तृत जानकारी हासिल गर्न सक्नु हुनेछ। उक्त दिन विदा परेमा सो को भोलिपल्ट बैठक बस्ने छ।

चुलाचुली गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
चुलाचुली, इलाम

पत्र संख्या (क.प्र. शाखा)- ०७८।०७९ — १ नं. प्रदेश, नेपाल
च.नं. — फोन नं. : ०२७-६९१४१४

४. माथि उल्लेखित भए अनुसार पेश भई अधिकतम अंक कबोल भएको बोलपत्र स्वीकृत भएपश्चात सम्झौता गर्नु अगावै सम्बन्धित बोलपत्रदाताले कबोल गरेको अंकमा नियमानुसार लाग्ने मू.अ. कर सहितको रकम नेपाल सरकारलाई बुझाएको सक्कल भौचर यस कार्यालयमा जम्मा गर्नु पर्नेछ।

५. समयभित्र पेश भएको बोलपत्र दाखिला गर्ने अन्तिम मितिका दिन दिनको १:०० बजेपछि बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा खोलिनेछ। सो समयमा बोलपत्र वा निजहरुको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

६. बोलपत्र फाराम जसको नाममा खरिद गरिएको हो सोहि बाट E-Bidding मार्फत पेश गर्नुपर्नेछ।

७. बोलपत्र फाराममा उल्लेखित कबोल अंकको ५% धरौटी रकम यस कार्यालयको NMB Bank चुलाचुली स्थित खाता नं. 1030060744200037 को धरौटी खातामा नगदै जम्मा गरेको बैंक भौचरको सक्कल प्रति वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरको बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिन म्याद भएको Bid Bond को सक्कलै प्रति पेश गर्नुपर्नेछ। धरौटी जम्मा गरेको भौचरको पछाडी धरौटी जम्मा गर्ने ब्यक्ति/फर्मको नाम स्पष्ट उल्लेख गर्नुपर्नेछ।

८. बोलपत्र फाराम भर्दा आफुले कबोल गरेको रकम अंक र अक्षर दुवैमा प्रष्ट हुने गरी उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा लेखिएको रकम फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।

९. बोलपत्र स्वीकृत भएपछि सूचना पाएको वा पत्रिकामा सूचना प्रकाशन भएको मितिले सात (७) दिन भित्र सम्झौता गर्न यस कार्यालयमा आउनुपर्नेछ। मानसिक कारण बाहेक सो अवधिभित्र सम्झौता गरी ठेक्का सम्झौता नगरेमा निजको धरौटी रकम जफत गरी त्यसपछिको क्रमानुसार रितपूर्वकको बोलपत्रदातालाई नियमानुसार ठेक्का सम्झौता गर्न सूचना दिन सकिनेछ।

१०. ठेक्काको स्वीकृत रकम एकमुष्ठ बुझाएमा स्वीकृत अंकमा बढीमा १० प्रतिशत सम्म छुट दिन सकिनेछ। बराबर अंक कबोल भई किस्ताबन्दी र एकमुष्ठ रकम बुझाउने ठेक्काको सम्बन्धमा निर्णय गर्नुपरेको अवस्थामा एकमुष्ठ रकम बुझाउनेलाई प्राथमिकता दिने गरी चुलाचुली गाउँपालिकाले निर्णय गर्नेछ। छुट रकम लिने प्रयोजनका लागि गाउँपालिकाले सम्झौता गर्नुअघि कबोल गरेको एकमुष्ठ रकम र सो मा लाग्ने मु.अ.कर बुझाएको हुनुपर्नेछ।

११. किस्तावन्दी रुपमा रकम बुझाउनेको हकमा ठेकेदारले आफूले कवुल गरेको कुल रकम मु अ कर सहित ३ तिन किस्तामा रकम बुझाउनु पर्नेछ। पहिलो किस्ता रकम सम्झोता गर्नु अगावै बुझाउनु पर्नेछ। देश्रो किस्ता रकम फागुण भित्र र तेश्रो किस्ता रकम बैशाख भित्र बुझाइ सक्नु पर्नेछ। यसरी किस्तावन्दीमा रकम बुझाउँदा ठेकेदारले ठेक्का कबोल गरेको अंक बरारको जमानत वापत नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क वर्गको वाणीज्य बैंकबाट २०७९ असार मसान्तसम्म अवधि भएको बैंक ग्यारेण्टी पत्र सम्झौता पूर्व पेश गर्नु पर्नेछ। किस्तावन्दीमा बुझाउँदा समेत प्रत्येक किस्ता वापतको मूल्य अभिवृद्धी कर समेत बुझाउनु पर्नेछ।

१२. ठेक्का सञ्चालनको शिलसिलामा नेपाल सरकार वा स्थानीय तहलाई प्रचलित ऐन नियम अनुसार बुझाउनुपर्ने अन्य कर, दस्तुर, शुल्क आदि सबै ठेकेदार स्वयमले सम्बन्धित कार्यालयमा बुझाउनुपर्नेछ।

प्रमुख प्रशासकीय अधिकृत

१२.ठेक्का सञ्चालनको शिलसिलामा नेपाल सरकार वा स्थानीय तहलाई प्रचलित ऐन नियम अनुसार बुझाउनुपर्ने अन्य कर, दस्तुर, शुल्क आदि सबै ठेकेदार स्वयमले सम्बन्धित कार्यालयमा बुझाउनुपर्नेछ।

१३.चुलाचुली गाउँपालिकालाई रकम बुझाउनुपर्ने बाँकी बक्यौता भएका व्यक्ति वा फर्महरुले त्यस्तो बाँकी रकम नबुझाएसम्म यस बोलपत्र प्रक्रियामा सहभागी गराइनेछैन र निजले बोलपत्र पेश गरेमा स्वीकृत गरिनेछैन।

१४.ठेक्का सञ्चालन अवधि सम्झौता भएको मितिदेखि २०७९ जेठ मसान्तको हुनेछ। निर्धारित परिमाण बराबरको नदीजन्य पदार्थ उत्खनन् भईसकेमा अवधि भन्दा अगावै उत्खनन् र संकलन बन्द गरिनेछ।

१५.खोलाबाट निकालिएको नदीजन्य सामग्री बिक्रि मुल्य करको ठेक्का सञ्चालन गर्दा कुनै बाधा अवरोध आइपरेमा ठेकेदार स्वयम आफैले मिलाई कर संकलन गर्नुपर्नेछ। यसमा गाउँपालिकाले आवश्यक सहजीकरण गर्नेछ।

१६.कुनै कारणबस कर संकलन गर्न बाधा परेको कारण देखाइ ठेकादारले कुनैपनि छुट वा मिनाह दावी गर्न पाउने छैन र त्यस्तो मिनाह छुट दिन कार्यलय बाध्य हुने छैन।

१७.नदीजन्य सामग्रीहरु निकाल्दा बिभिन्न खोलाहरुमा स्वीकृत IEE प्रतिवेदन अनुसार तोकिएको परिमाण र नाकाभित्र मात्र सिमित रही निकाल्नु पर्नेछ।

१८.नदीजन्य सामग्री उत्खनन् गर्ने समय बिहान सुर्योदय देखि बेलुका सुर्यास्तसम्म मात्र हुनेछ।

१९.नदीजन्य सामग्रीको उत्खनन् को लागि ह्याभि मेसिनरी उपकरण प्रयोग गर्ने सम्बन्धमा गाउँपालिकाले तोकिदिएको स्थान, संख्या र बिन्दुमा मात्र प्रयोग गर्न पाइनेछ।

२०.ठेकेदारले नदीजन्य सामग्री स्टक राख्नुपर्ने भएमा चुलाचुली गाउँपालिकाबाट इजाजत लिइ खोलाको किनारबाट कम्तिमा ६०० मिटरको दुरीमा राख्न सकिनेछ।

२१.ठेक्का स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार चुलाचुली गाउपालिकालाई रहनेछ।

२२.सर्त राखि पेश गरेको, रित नपुगेको र म्याद नाघि आएका बोलपत्रमाथि कारबाही हुनेछैन।

२३.अनुगमन गर्दा कानून र मापदण्ड बमोजिम कार्य गरेको नपाइमा तत्काल कानून बमोजिम कारबाही गरिनेछ।

२४.तोकिएको म्याद भित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी जफत गरी नियमानुसार बोलपत्र बन्दोवस्त गरिनेछ। यस गाउँपालिका नदी तथा नदीहरुको उत्खनन क्षेत्र र उत्खनन् परिणामका सन्दर्भमा स्थानीय सरकार सन्चालन ऐन २०७४ गाँउपालिकाबाट जारी भएका कानून प्रदेश कानून तथा अन्य प्रचलित कानून तथा मापदण्ड बमोजिम हुनेछ। साथै यस कार्यालयबाट जारी गरिएको वातावणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग हुनेछ।

२५.ठेक्का सम्बन्धमा थप जानकारी आवश्य परेमा कार्यालय समयमा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

सुधारा श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत